# **हलेसी तुवाचुङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने विधेयक, २०७४**

प्रस्तावना:नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमस्थानीय तहलाई तोकिएकोअधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम हलेसी तुवाचुङ नगरपालिका नगरकार्यपालिकाको कार्यालयले यो विधियेक नगर सभाको अर्को बैठक नबसेसम्मको लागि यो विधेयक बनाएको छ ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**(१) यो विधेयकको नाम हलेसी तुवाचुङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने विधेयक, २०७४ रहेको छ ।

(२) यो ऐन हलेसी तुवाचुङ नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) " विधेयक " भन्नाले हलेसी तुवाचुङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने विधेयक, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले हलेसी तुवाचुङ नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले हलेसी तुवाचुङ नगरपालिकासम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य

जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त हलेसी तुवाचुङ नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्नेविषयमा मात्र बनाउनु पर्नेछ ।

**४.निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः**(१) संविधान, ऐन तथा यस विधेयक अन्तरगत वनेको नियमावलीको अधिनमा रही हलेसी तुवाचुङ नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।